# श्रम, रोजगार प्रबर्द्धन, यातायात व्यवस्था, युवा, शान्ति तथा पुनःनिर्माण, मानव अधिकार, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन

दीपेन्द्रबहादुर क्षेत्री

सदस्य, राष्ट्रिय योजना आयोग

# श्रम तथा रोजगार प्रबर्द्धन

- पूर्ण बेरोजगार ३.८ प्रतिशत,
- सुरक्षित, मर्यादित र उत्पादनमूलक रोजगारको अवसर सुनिश्चित गर्न नसकिएको,
- औद्योगिक सम्बन्धमा अपेक्षित सुधार हुन नसकेको,
- श्रम बजारको माग अनुसार सीपयुक्त र दक्ष जनशक्ति उत्पादन गर्न नसकिएको,
- करिव ८ लाख युवाहरु वैदेशिक रोजगारीमा गएका,

# प्रमुख नीतिहरु

- श्रमिकहरुको हक हित सुनिश्चित गर्ने,
- औद्योगिक शान्ति कायम गर्न कानुनी र संस्थागत सुधार गर्ने,
- महिला, दलित, आदिवासी जनजाति, मधेशी, श्रमजीवी, गरिब किसान, अपाङ्ग, मुक्त कमैया, सुकुम्बासी र अन्य सीमान्तीकृत समुदायका व्यक्तिहरुलाई सीप प्रदान गरी आत्मनिर्भर हुने अवसर सिर्जना गर्ने,
- सीप र तालिमका साथै महिलामैत्री कानुनी प्रावधानहरुको व्यवस्था गरी बैदेशिक रोजगारमा महिलाहरुलाई प्रोत्साहन गर्ने,
- वैदेशिक श्रम वजारको पहिचान गरी रोजगारीका लागि प्राप्त अवसरको अधिकतम सदुपयोग हुने गरी तालिमको व्यवस्था गर्ने,
- वैदेशिक रोजगारीमा गएका नेपालीको हित संरक्षणका लागि कुटनैतिक संयन्त्र विकास गर्ने,

# यातायात व्यवस्थापन

- सवारी दुर्घटना र प्रदूषणको दर बढ्दै गएको,
- आवश्यक पूर्वाधार र नयाँ प्रविधिको प्रयोगबाट व्यवस्थापनलाई आधुनिकीकरण गर्न नसकिएको,
- ट्राफिक, सडक र यातायात व्यवस्थापन गर्ने निकाय र कार्यक्रमवीच उचित समन्वय हुन नसकेको,

# प्रमुख नीतिहरु

- यातायात प्रणालीलाई सुरक्षित तथा भरपर्दो बनाउन एक स्वायत्त राष्ट्रिय यातायात बोर्डको स्थापना गरिने,
- निजी क्षेत्रसंगको साझेदारी र सहकार्यलाई प्रगाढ बनाइने,
- सिन्डिकेट प्रणालीलाई निरुत्साहित गर्न प्रतिस्पर्धात्मक वातावरण सिर्जना गर्ने,
- वातावरणमैत्री सवारी साधनहरुलाई प्रोत्साहित गर्दै प्रदुषणकारी साधनहरु विस्थापित गर्ने,
- यातायात व्यवस्थासँग सम्बन्धित निकायहरुसँग प्रभावकारी समन्वय गर्न संयन्त्र विकास गरिने,

# युवा

- कुल जनसंख्यामध्ये युवाहरु ३३.५ प्रतिशत रहेको,
- देशको राजनीतिक, आर्थिक र सामाजिक रुपान्तरणका लागि अग्रपंक्तिमा रहेका युवाहरुलाई विकासको मूलप्रवाहमा ल्याउन पर्याप्त अवसरहरु सिर्जना गर्न नसकिएको,

# प्रमुख नीतिहरु

- राष्ट्रिय युवा नीति ल्याइने,
- युवाहरुलाई राष्ट्रिय नीति निर्माण प्रक्रियामा सहभागी बनाउने प्रकृया शुरु गर्ने,
- विकास कार्यमा युवाहरुको रचनात्मक सहभागिता बढाउन परामर्श सेवा, स्रोत केन्द्र लगायतका संस्थागत संयन्त्रहरुको विकास गरिने,
- युवाहरुको शिक्षा, तालिम, रोजगारीलाई विशेष ध्यान दिने,
- युवाहरुलाई स्वरोजगारीका अवसरहरु प्रदान गरिने,
- स्वदेशमै आफ्नो श्रमको प्रयोग गर्ने भावनालाई प्रोत्साहन दिने,

# पुन:निर्माण, पुन:स्थापन र पुन:एकीकरण

- आन्तरिक द्वन्द्व लगायतका कारणबाट भएको मानवीय तथा भौतिक पूर्वाधारको क्षतिको पुनःस्थापन र पुनःनिर्माणको दायित्व रहेको,
- द्वन्द्व प्रभावितहरु सदरमुकाम र शहरी क्षेत्रमा केन्द्रित भएका कारण ती स्थानहरुको सरकारी सेवा प्रवाहमा अत्यधिक चाप देखिएको,
- शान्ति तथा पुनःनिर्माण मन्त्रालयको स्थापना भएको,
- पुनःस्थापन, पुनःनिर्माण लगायत सामाजिक एकीकरण सम्बन्धी कार्यमा मित्र राष्ट्रहरुबाट सहयोग गर्ने प्रतिबद्धता आएको,

# प्रमुख नीतिहरु

- देशमा वहाल शान्तिलाई संस्थागत र दीगो बनाउने,
- पुन:स्थापन र पुन:एकीकरणका लागि मनोसामाजिक परामर्श र सुरक्षा समेतको व्यवस्था मिलाइने,
- बिग्रिएका वा भत्किएका भौतिक संरचनाहरुको पुन:निर्माण गरिने,
- विगतका संघर्ष र आन्दोलनसँग सम्बन्धित महत्वपूर्ण घटना स्थलहरुको पहिचान गरी सम्वर्द्धन तथा प्रवर्द्धन गरिने,

# प्रमुख नीतिहरु

- द्वन्द्व प्रभावित व्यक्तिहरुलाई रोजगारीमा समायोजन वा स्वरोजगारका उपयुक्त अवसर प्रदान गरिने,
- द्वन्दबाट प्रभावित महिला, बालबालिका, अपांग, असहाय व्यक्तिहरुका लागि सबलीकरण र पुनःस्थापन गरिने,
- गाँउस्तरसम्म शान्ति तथा पुनःस्थापन समितिहरु गठन गरिने,
- पुनःनिर्माण, पुनःस्थापन र पुनःएकीकरण कार्यमा निजी क्षेत्र, गैर सरकारी संस्थाहरु र नागरिक समाजको सहभागिता जुटाउने,

# *मानव अधिकार*

## *स्थिति*

- मानव अधिकारको स्थिति सन्तोषजनक छैन ।
- जातजाति, लिङ्ग, क्षेत्र, भाषा, धर्म र सम्प्रदायका आधारमा हुने विभेद, शोषण, हिंसा र दुर्व्यवहार अन्त भएको छैन । द्वन्द्वको अवस्थामा यो स्थिति अझै नाजुक रह्यो ।
- संस्थागत व्यवस्थाः राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग तथा राष्ट्रिय जनजाति प्रतिष्ठान जस्ता संस्थाहरूको स्थापना भएको ।
- मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्य योजना तयार भई कार्यान्वयनमा रहेको छ । धेरै विभेदकारी नीति तथा कानुनहरूमा परिमार्जन गरिएको ।
- गैर सरकारी क्षेत्रमा मानव अधिकारको स्थितिको निगरानी गर्ने, सचेतना कार्यक्रमहरू संचालन गर्ने, कानुनी परामर्श तथा सहायता प्रदान गर्ने, पक्षपोषण, मानव अधिकार उल्लंघनका घटनाहरूको अनुसन्धान र सूचनाहरू प्रचार प्रसार गर्ने थुप्रै संस्थाहरू सक्रिय रहेको भएता पनि तिनमा समन्वयको कमी भएको ।

# मानव अधिकार

*नीतिहरू*

- मानव अधिकारलगायत नेपाल सरकारले अनुमोदन गरेका सबै महासन्धी तथा अभिसन्धीका प्रावधानहरू लागु गर्न प्रचलित कानुनी प्रावधानहरूमा परिमार्जन र नयाँ कानुनहरूको तर्जुमा तथा कार्यान्वयन गरिनेछ ।
- मानवअधिकारको संरक्षण तथा प्रवर्द्धन गर्ने दृष्टिकोण लिई क्षेत्रगत विकासका नीति तथा कार्यक्रमहरू तर्जुमा, अनुगमन र मूल्याङ्कन गर्ने परिपाटी अवलम्बन गरिनेछ ।
- महिला, बालबालिका, दलित, आदिवासी जनजाति, मधेशी, अपाङ्गता भएका व्यक्तिहरू, ज्येष्ठ नागरिक जस्ता सीमान्तीकृत समुदायहरू, गरिबीको मारमा परेका र सामाजिक आर्थिक दृष्टिले जोखीममा रहेका समुदायको स्रोत साधनमा पहुँच बढाई उनीहरूको आधारभूत मानवअधिकारको प्रत्याभूति गर्ने नीति लिइनेछ ।
- जातजाति, लिङ्ग, क्षेत्र, भाषा, धर्म र सम्प्रदायका आधारमा हुने विभेद, शोषण, हिंसा र दुर्व्यवहारको अन्त गरी सबै नागरिकहरूको राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरूको संरक्षण एवं प्रवर्द्धन गर्ने कार्यक्रमहरू कार्यान्वयन गरिनेछ ।

# नीतिहरू

- दण्डहीनताको अन्त गर्न शान्ति सुरक्षा, अपराध अनुसन्धान र अभियोजन प्रणालीमा सुधार एवं सुदृढीकरण गरी कानुनको शासन र आम नागरिकको शान्तिपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गरिनेछ ।
- नागरीकहरूलाई सूसूचित गर्ने र मानवअधिकार शिक्षा प्रदान गर्ने सशक्त माध्यमका रूपमा सार्वजनिक सञ्चारका माध्यमहरूलाई प्रवर्द्धन गरिनेछ ।
- सामाजिक तथा आर्थिक सेवाहरूको बिस्तार गर्दै पहुँच र प्रभावकारितामा वृद्धि गरिनेछ ।
- मानवअधिकारसंग सम्बन्धित सरकारी तथा गैर सरकारी संस्थाहरूको क्षमता, कार्यदक्षता र प्रभावकारीतामा अभिवृद्धि गरिनेछ ।

# योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन

- कार्यक्रमहरुको कार्यान्वयनमा सुस्ति आउने गरेको,
- अनुगमन तथा मूल्याङ्कनसम्बन्धी व्यवस्था सशक्त बनाउन नसकिएको,
- आयोजनाहरुलाई प्राथमिकीकरण गरिएको,
- गरिवी अनुगमन तथा विश्लेषण प्रणालीलाई संस्थागत गर्न प्रारम्भ गरिएको,
- कार्य सम्पादनमूलक बजेट निकासा प्रणाली लागू गरिएको,

# प्रमुख नीतिहरु

## कार्यान्वयन

- योजना कार्यान्वयनमा सरकारी निकायहरु, नागरिक तथा गैरसरकारी संस्थाहरु, निजी क्षेत्रको साझेदारीता अभिवृद्धि गरिने,
- आर्थिक वर्षको प्रारम्भदेखि नै कार्यान्वयन गर्ने व्यवस्था गरिने,
- पुन:निर्माण तथा पुन:स्थापनका लागि जिल्लामा जाने अनुदान रकम सोझै अर्थ मन्त्रालयबाट जिविसमा पठाउने,

# प्रमुख नीतिहरु

## अनुगमन तथा मूल्यांकंन

- स्थानीय तहमा नागरिक समाज तथा राजनीतिक दलहरु सहितका संयन्त्र बनाई समग्र अनुगमनको जिम्मा दिने,
- निश्चित कार्यतालिकाका आधारमा आयोजनाहरुको अनुगमन गर्ने,
- आयोजनाहरुको सामाजिक लेखा परिक्षण गराउने ब्यबस्था गरिने,
- पुन:निर्माण, पुन:स्थापन, पुन:एकीकरण तथा सामाजिक समावेसीकरणको अनुगमनमा तीव्रता ल्याउने,
- जिल्ला गरीवी अनुगमन तथा विश्लेषण प्रणालीलाई संस्थागत गरिने,
- नतिजामुखी व्यवस्थापन प्रणालीलाई संस्थागत गर्न प्रारम्भ गरिने,
- नीतिहरुको कार्यान्वयन स्थितिको अनुगमन गरिने,



धन्यवाद